UMH
UNITED MODI HYDROPOWER

# युनाइटेड मोदी हाइड्रोपावर लिमिटेड

पहिलो तल्ला, हेरिटेज प्लाजा–२, कमलादी, का.म.न.पा. – २८, काठमाण्डौं
फोनः ०१–४१६९११४, फ्याक्सः ०१–४१६९११३
इमेलः unitedmodi@ntc.net.np वेबसाइटः www.umh.com.np

# छैठौं वार्षिक साधारण सभा सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति २०७६/०९/०२ गते)
(दोस्रो पटक प्रकाशित मिति २०७६/०९/१६ गते)

**आदरणीय शेयरधनी महानुभावहरू,**

यस युनाइटेड मोदी हाइड्रोपावर लिमिटेड (कम्पनी) को मिति २०७६/०८/३० गते (तदनुसार 16th December, 2019) बसेको सञ्चालक समितिको बैठकको निर्णय बमोजिम यस कम्पनीको छैठौं वार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा देहायका प्रस्तावहरू उपर छलफल गरी निर्णय गर्नको लागि बस्ने भएको हुँदा साधारण सभामा उपस्थितिको लागि सम्पूर्ण शेयरधनी महानुभावहरूको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

## सभा हुने मिति, समय र स्थान :

**मिति** : २०७६/०९/२४ गते बिहिबार (तद्अनुसार ०९ जनवरी, २०२०)
**समय** : विहान ११:०० बजे ।
**स्थान** : United World Trade Centre स्थित सभा हल, त्रिपुरेश्वर, काठमाण्डौं ।

## छलफलका विषयहरू :

**क) सामान्य प्रस्ताब**

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नु हुने वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।
२. लेखापरिक्षकको लेखापरिक्षण प्रतिवेदन सहितको आ.व.२०७५/०७६ का वासलात, नाफा नोक्सान हिसाब र नगद प्रवाहको बिवरण लगायतका वित्तिय बिवरणहरू उपर छलफल गरी पारित गर्ने ।
३. लेखापरीक्षण समितिको सिफारिस बमोजिम आ.व. २०७६/०७७ को लेखापरीक्षण कार्यको लागि लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।
४. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम शेयर दाखिला खारेज भएको मिति सम्म कायम शेयरधनीहरूलाई रहेको चुक्ता पुंजी रु.१,१५०,०००,०००।- (एक अर्ब पन्ध्र करोड) को ८% (आठ प्रतिशत) (कर कट्टी पश्चात) नगद लाभांश तथा चुक्ता पुंजीको ०.४२१% (शून्य दशमलव चार दुई एक प्रतिशत) लाभांश कर वापत गरी कूल ८.४२१% (आठ दशमलव चार दुई एक प्रतिशत) नगद लाभांशको रुपमा वितरण गर्ने प्रस्ताव उपर छलफल भई पारित गर्ने ।
५. अन्य आयोजनामा लगानि गर्नुपरेमा छलफल गरी सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।
६. कम्पनीको संस्थापक शेयरधनीहरूको प्रतिनिधित्व गर्ने सञ्चालकहरूको नियुक्ति/निर्वाचन सम्बन्धमा ।

**ख) विविध**

**सञ्चालक समितिको आज्ञाले**
**कम्पनी सचिव**

**पुनश्चः**

१. सञ्चालक समितिमा संस्थापक शेयरधनीहरु प्रतिनिधित्व गर्ने सात (७) जना सञ्चालकहरुको नियुक्त/निर्वाचन गरिने भएकाले उक्त निर्वाचन सम्बन्धी कार्यक्रम कम्पनीको केन्द्रिय निर्वाचन अधिकृतले तोके बमोजिम कम्पनीको केन्द्रिय कार्यलयमा रहने निर्वाचन अधिकृतको कार्यालयमा मिति २०७६/०९/०८ गते प्रकाशित गरिएको छ र यस सम्बन्धी जानकारीहरु कम्पनीको वेबसाइट www.umh.com.np मा पनि हेर्न सकिनेछ ।

नगद लाभांश शेयरधनीहरुको बैंक खातामा पठाइने हुनाले सो प्रयोजनका लागि शेयरधनीहरुले खोलेको डिम्याट खाता खोल्दा उपलब्ध गराएको खाता हाल संचालनमा रहेको वा नरहेको यकिन गर्न र डिम्याट खाता खोल्दा खाता उपलब्ध नगराएको भए आफ्नो बैंक खाता अनिवार्य रुपमा उपलब्ध गराइदिनु हुन अनुरोध छ । साथै यस अघिका साधारण सभाबाट पारित लाभाशं यदि कुनै शेयरधनी महानुभावलाई भुक्तानी नभएको भए शेयर रजिष्ट्रार सिबिआइएल क्यापिटल मार्केट्स लि. मा यथाशिघ्र सर्म्पक गर्नुहोला । शेयर डिम्याट नगराएका स्थानीय शेयरधनीहरु र संस्थापक शेयरधनीहरुले यथाशीघ्र शेयर रजिष्ट्रार सिबिआइएल क्यापिटल मार्केट्स लि. मा गएर डिम्याट गरि आफ्नो लाभांश सुरक्षित गर्नुहुन अनुरोध छ ।